कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन
वर्ष ८, अङ्क १, २०७७ साउन-असोज Year 8, Issue 1, July-October, 2020

## राजस्व संकलनमा ९७ प्रतिशत प्रगति हासिल

आर्थिक वर्ष २०७७/७८ को लागि विभागलाई प्राप्त रु. ४५० अर्ब ३४ करोडको लक्ष्य विभाजन गरी साउनदेखि असोजसम्म रु. ८२ अर्ब ६४ करोडको लक्ष्य निर्धारण गरिएकोमा रु. ८० अर्ब २ करोड संकलन भई लक्ष्यको तुलनामा ९७ प्रतिशत प्रगति हासिल भएको छ ।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ रु. ३२ अर्ब १६ करोड लक्ष्य रहेकोमा रु. ३३ अर्ब ३६ करोड संकलन भई लक्ष्यको तुलनामा १०३.७३ प्रतिशत प्रगति हासिल भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु. २७ अर्ब ३० करोड लक्ष्यमा रु. २७ अर्ब ३४ करोड संकलन भई १००.१६ प्रतिशत प्रगति भएको छ। अन्त:शुल्कतर्फ रु. २२ अर्ब

बाँकी पृष्ठ ७ मा ...

# माननीय अर्थमन्त्रीद्वारा नयाँ कर प्रणालीको शुभारम्भ



माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले २०७७।०४।०१ गते आन्तरिक राजस्व विभागको सभाहलमा आयोजित एक कार्यक्रममा रु. २० लाख भन्दा कम कारोबार र रु. २ लाखसम्मको आम्दानी गर्ने करदाताहरूले बैंकमा नै कर रकम र कर विवरण समेत बुझाउन सकिने नयाँ कर प्रणालीको शुभारम्भ गर्नुभयो । उक्त कर प्रणालीमा करका अंक, ब्याज र जरिबाना सफ्टवेयरले नै गणना गर्ने भएकाले करदाताले करका अंकहरू गणना गरिराख्नुपर्ने अवस्थाको अन्त्य भएको छ । भर्चुअल विधिबाट संचालन गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री खतिवडाले करको रकम यकिन भइसकेपछि करदाताहरूलाई लाग्ने कर रकम र आय विवरण कर कार्यालयमा उपस्थित नभई बैंकमा नै बुझाउन सकिने गरी विकास गरिएको यो प्रणालीको प्रयोगबाट साना करदाताहरूका लागि कर परिपालनामा निकै सहज हुने प्रष्ट पार्नु भयो । सोही कार्यक्रममा अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनीले आजदेखि लागू भएको कर

बाँकी पृष्ठ ६ मा ...

यसभित्र ...

भर्चुअल विधिमार्फत व्यवस्थापन गोष्ठी, २०७७ सम्पन्न ३
विद्युतीय माध्यमबाट विविध विषयमा तालिम संचालन ५
आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी तथा दफा ९५क. बमोजिम अग्रिम कर असुली सम्बन्धी व्यवस्था (२०७७।७८) १२

# महानिर्देशकको सन्देश



**हामी निरन्तर रुपमा असल कर प्रणालीका आधारभूत मान्यताहरू: पारदर्शिता, तटस्थता, स्वच्छता, सरलता र सदाचारितालाई आत्मसाथ गर्दै आर्थिक वृद्धि हासिल गराउने दिशामा हामी प्रतिवद्ध रहेका छौं । जसका लागि कर प्रशासनको समग्र कार्य दिशा प्रणालीगत विकास र सुदृढीकरण, प्रकृयागत सरलीकरण, तथ्य एवं सूचनामा आधारित गुणस्तरीय कर परीक्षण अनुसन्धान र कर कानूनमा समसामयिक परिवर्तन गरी नियमित तालिम र क्षमता विकासका कार्यक्रमहरू संचालन गरेर कर्मचारीहरूको व्यावसायिकता प्रवर्द्धनतर्फ निर्देशित गरिएको छ । अबको हाम्रो गन्तव्य प्रविधिमैत्री प्रशासनको माध्यमबाट विद्युतीय (Digital Transaction) लगायत सबै आर्थिक कारोवारहरूलाई करको दायरामा ल्याई कराधारको संरक्षण गर्ने रहेको छ । विभागको यस गन्तव्य पूरा गराउनका लागि कर कानूनको पूर्ण परिपालना गर्न म सम्पूर्ण करदाता, निजी क्षेत्र, नागरिक समाज लगायत आम नागरिकलाई आव्हान गर्दै सवै क्षेत्रले आ-आफ्नो राज्य प्रतिको जिम्मेवारी निर्वाह गर्नुहुनेछ भन्ने मैले पूर्ण विश्वास समेत लिएको छु ।**

हामीले आर्थिक वर्ष २०७७/०७८ को पहिलो तीन महिना व्यतित गरेका छौं । यो तीन महिनासम्ममा हामीले रु. ८० अर्ब राजस्व संकलन गरी ९६.८३ प्रतिशत प्रगति हासिल गर्न सफल भएका छौं । राजस्व दाखिला गर्ने कार्यमा उत्साहजनक सहभागिता देखाई देशको राजस्व परिचालनमा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै म आम कारदाताहरूलाई धन्यवाद दिन चाहान्छु । कोभिड-१९ को महामारीको संक्रमणका आर्थिक क्रियाकलापहरूको सञ्चालनमा उच्च सतर्कता साथ स्वास्थ्य जोखिम न्यूनीकरण गरी कोरोना सँग सँगै संचालन गर्नु पर्ने अवस्था सिर्जना भएको छ ।

कोभिड-१९ को संक्रमण कारण सार्वजनिक खर्च व्यवस्थापनमा बढेको चापलाई धान्नका लागि आन्तरिक श्रोतलाई मजवुत बनाउनु अहिलेको प्रमुख चुनौती रहेको छ । तथापी मुलुकको बृहत्तर आर्थिक विकास र समृद्धिका लागि आन्तरिक श्रोतको प्रभावकारी परिचालनका लागि आन्तरिक श्रोतलाई वढाउनु पर्ने अपरिहार्यता रहेको छ । सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनका लागि करको दायरा विस्तार र संरक्षणका लागि विभागले कर प्रणालीमा गरेका समसामयिक परिवर्तनलाई निरन्तरता दिदै समग्र कर प्रशासनमा कानूनी, संरचनागत एवं प्रकृयागत सुधारमा जोड दिएको छ । करदाताहरूको लागत न्यूनीकरण तथा प्रकृयागत सरलीकरणका लागि चालू आर्थिक वर्षको पहिलो दिनदेखि नै रु. २० लाख भन्दा कम कारोबार र रु. २ लाखसम्मको आम्दानी गर्ने करदाताहरूले बैंकमा नै कर रकम र कर विवरण समेत बुझाउन सकिने नयाँ कर प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी करदाताका आधारभूत तथ्यांक र कारोवारको व्यवस्थित अभिलेखिकरणका लागि मुलुकभरका कर कार्यालयहरूबाट बायोमेट्रिक प्रणाली मार्फत दर्ता गर्ने प्रणाली र करदाताको कारोवारको सूचनामा थप सुधार गर्न एवं राष्ट्रिय तथ्यांक प्रणालीसँग आवद्ध हुने गरी साविकदेखि प्रयोग हुँदै आएको स्टाण्डर्ड ईन्टरनेशनल ट्रेड क्लासिफिकेसन (SITC) को सट्टा नेपाल स्टाण्डर्ड इन्डष्ट्रियल क्लासिफिकेसन (NSIC) तयार गरी लागू गरेका छौं । त्यसैगरी हाम्रो काम कारवाहीमा एकरुपता र गुणस्तरीयताका लागि आयकर, मूल्य अभिवृद्धि कर, जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर र अन्तःशुल्क निर्देशिकामा आवश्यक परिमार्जन गरी लागू गरेका छौं । संगठनात्मक विस्तार तर्फ आम करदाताहरूको भौतिक दुरी कम गरी कर सहभागिता लागत घटाउने प्रयोजनका लागि करदाता सेवा कार्यालयहरू सञ्चालनमा ल्याइएको छ । हामी निरन्तर रूपमा असल कर प्रणालीका आधारभूत मान्यताहरू: पारदर्शिता, तटस्थता, स्वच्छता, सरलता र सदाचारितालाई आत्मसाथ गर्दै आर्थिक वृद्धि हासिल गराउने दिशामा प्रतिवद्ध रहेका छौं । जसका लागि कर प्रशासनको समग्र कार्य दिशा प्रणालीगत विकास र सुदृढीकरण, प्रकृयागत सरलीकरण, तथ्य एवं सूचनामा आधारित गुणस्तरीय कर परीक्षण अनुसन्धान र कर कानूनमा समसामयिक परिवर्तन गरी नियमित तालिम र क्षमता विकासका कार्यक्रमहरू संचालन गरेर कर्मचारीहरूको व्यावसायिकता प्रवर्द्धनतर्फ निर्देशित गरिएको छ । अबको हाम्रो गन्तव्य प्रविधिमैत्री प्रशासनको माध्यमबाट विद्युतीय (Digital Transaction) लगायत सबै आर्थिक कारोवारहरूलाई करको दायरामा ल्याई कराधारको संरक्षण गर्ने रहेको छ । विभागको यस गन्तव्य पूरा गराउनका लागि कर कानूनको पूर्ण परिपालना गर्न म सम्पूर्ण करदाता, निजी क्षेत्र, नागरिक समाज लगायत आम नागरिकलाई आव्हान गर्दै सबै क्षेत्रले आ-आफ्नो राज्य प्रतिको जिम्मेवारी निर्वाह गर्नुहुनेछ भन्ने मैले पूर्ण विश्वास समेत लिएको छु ।

अन्त्यमा, नजिकै आउन लागेको विजया दशमी तथा शुभ दिपावली, २०७७ को उपलक्ष्यमा समस्त उद्योगी, व्यवसायी, आम करदाता, नागरिक समाज, विद्वत वर्ग लगायत सम्पूर्ण कर परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**बिनोद बहादुर कुँवर**
**महानिर्देशक**



"कर छलीको सूचना दिई सचेत नागरिकको परिचय दिऔं ।"

# भर्चुअल विधिमार्फत व्यवस्थापन गोष्ठी, २०७७ सम्पन्न



२०७७ असोज ९ र १० गते भर्चुअल विधिमार्फत विभागले व्यवस्थापन गोष्ठी सम्पन्न गरेको छ। गोष्ठीको अर्थ सचिव शिशिर कुमार ढुङ्गानाले डिजिटल व्यानर अनावरण गरी औपचारिक शुभारम्भ गर्नुभएको थियो । गोष्ठीमा भौतिक तथा सूचना प्रविधिको प्रयोग गरी भर्चुअल विधिबाट उपस्थित अतिथि र सहभागीहरूलाई विभागका उपमहानिर्देशक गजेन्द्र कुमार ठाकुरले स्वागत गर्नुभएको थियो । उहाँले कोभिड-१९ को असहज अवस्था र कार्य व्यस्तताका वाबजुद आन्तरिक राजस्व विभागलाई हौसला र मार्ग निर्देशन प्रदान गर्न गोष्ठीमा उपस्थित भइदिनु भएकोमा अर्थ सचिव शिशिर कुमार ढुङ्गाना, सचिव (राजस्व) रामशरण पुडासैनी, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका सहसचिव रामेश्वर दंगाल, महालेखा नियन्त्रक मधुकुमार मरासिनी, राजस्व अनुसन्धान विभागका महानिर्देशक, भन्सार विभागका महानिर्देशक, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका प्रमुख लगायत अतिथिहरू प्रति आभार व्यक्त गर्नुभएको थियो । स्वागत मन्तव्यकै क्रममा उहाँले विभाग र मातहत कार्यालयहरूले विषम परिस्थितिका वाबजुद पनि अघिल्लो आर्थिक वर्षको राजस्व संकलनको तुलनामा ७.२६ प्रतिशतको वृद्धि हासिल गरेको लगायत अन्य सफल रूपमा कार्यान्वयनमा ल्याइएका विषयहरू, सामना गरिरहेका चुनौतीहरू उल्लेख गर्दै ती चुनौतीहरूलाई सामना गर्ने विषयमा गोष्ठीमा छलफल गरी निश्कर्षमा पुग्ने प्रतिवद्धता समेत जनाउनु भयो ।

कार्यक्रममा आर्थिक वर्ष २०७६/०७७ मा गरेका कार्यहरूको समग्र प्रगति सम्बन्धमा प्रस्तुतीकरण भएको थियो । उक्त प्रस्तुतीकरणमा राजस्व संकलन लगायतका अन्य कार्यगत परिसूचकहरू, आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको प्रगति र विभागीय वार्षिक कार्ययोजनामा रहेका शाखागत परिसूचकहरूको प्रगति विवरण समेत समावेश गरिएको थियो ।

गोष्ठीको औपचारिक शुभारम्भ पश्चात् कार्यक्रमलाई सम्बोधन गर्दै अर्थ सचिव शिशिरकुमार ढुंगानाले विषम परिस्थितिमा समेत व्यवस्थापन गोष्ठीलाई निरन्तरता दिन सफल भएकोमा विभागलाई धन्यवाद दिदै राजस्व असुलीमा सन्तोषजनक अवस्थामा पुग्नका लागि समग्र विभागको निरन्तरको क्रियाशीलता, कार्यकुशलता र मेहनतको लागि समेत आभार व्यक्त गर्नु भयो। साथै चालू वर्षका लागि तोकिएको लक्ष्य प्राप्तिका लागि समेत क्रियाशील भएर अगाडि बढ्नका लागि विशेषगरी कार्यसम्पादन सम्झौता र राजस्व नीति तथा कार्यक्रममा उल्लेख भएका कुराहरूमा ध्यान दिएर अगाडि बढ्न आग्रह गर्नुभयो । साथै उहाँले यो विषम परिस्थिति रहुन्जेल स्वास्थ्य जोखिमलाई ध्यान दिँदै कार्यालयमै बसेर भिडभाड



नगरी गर्न सकिने कार्यहरू सम्पादन गर्न र करको दायरा विस्तारका लागि मानिसको जीवनशैली र कारोबारको प्रकृतिमा भएको परिवर्तन अनुरूप भइरहेका Digital Transaction लाई करको दायरामा ल्याउन सक्ने गरी Reform को आवश्यकता रहेको वर्तमान अवस्थामा कर परीक्षण गर्ने कार्यमा समेत नविनतम प्रविधिको प्रयोग गरी Digital Data समेतको विश्लेषण गरी नयाँ हिसाबले परीक्षण गर्ने कार्यमा कार्यालयहरूको ध्यान जानुपर्ने कुरामा जोड दिनु भयो । त्यसैगरी अन्य सम्बन्धित निकायहरूसँग सूचना आदान प्रदान गरेर कर परीक्षण र अनुसन्धानलाई थप गुणस्तरीय बनाउनु पर्ने विषय समेत उल्लेख गर्नु भयो ।

त्यसैगरी अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनीले गोष्ठीलाई सम्बोधन गर्नु हुँदै विभागले आफ्ना समस्याहरूको पहिचान गरी ती समस्या समाधानका लागि कार्यदिशा समेत तय गरिसकेको हुँदा सो कार्य दिशा अनुरुप कार्य सम्पादन गर्नका लागि शुभकामना व्यक्त गर्नु भयो । मन्तव्यको क्रममा उहांले राजस्व प्रशासनमा धेरै सुधार हुँदै आएका छन्, करको दायरा, दर्ता संख्या र राजस्वको वृद्धि दरमा क्रमिक सुधार देखिएता पनि गर्नुपर्ने र गर्न नसकिएका कामहरू पनि प्रशस्तै भएकाले समग्र व्यावसायिक पद्धति र आम मानिसको जीवन शैलीको ढाँचामा परिवर्तन हुँदै गएकोले सोही अनुरुप राजस्व संकलनको सम्भाव्यतासँग आवद्ध गरेर अघि बढ्नुपर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नु भयो। जसका लागि ठूला तथा बहुराष्ट्रिय कम्पनीको कर योजनालाई चिर्न सक्ने गरी जनशक्ति विकास गर्ने कुरालाई विभागले प्राथमितामा राख्नु पर्ने कुरामा जोड दिनु हुँदै कोभिड-१९ को सन्दर्भमा अर्थतन्त्र र राजस्वको पुनरुत्थान कसरी गर्ने भन्ने विषयमा गहन छलफल गरी राम्रो निश्कर्ष निकाल्ने कार्यमा गोष्ठी पूर्ण सफल होस भनी शुभकामना व्यक्त गर्नु भयो ।

कार्यक्रममा महालेखा नियन्त्रक मधुकुमार मरासिनीले मन्तव्य व्यक्त गर्नुहुदै गत वर्षभरिका काम र प्रगतिको समीक्षा गर्दै कमजोरीहरू सुधार गर्नका लागि आवश्यक भावी कार्यदिशा तय गर्न यो गोष्ठी सफल बनोस् भनी शुभकामना समेत व्यक्त गर्नुभयो ।

मन्तव्यकै क्रममा अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाका सहसचिव रामेश्वर दंगालले व्यवस्थापन गोष्ठी भर्चुअल विधिबाट गरिएको यो गोष्ठीको End Result प्रभावकारी होस् भन्दै अर्थतन्त्रको स्वभाविक वृद्धि र व्यवसायीको स्वपरिपालनाबाट संकलन भएको राजस्व भन्दा बाहेक हाम्रो अतिरिक्त प्रयास, अनुगमन र कर परीक्षण तथा अनुसन्धानजस्ता क्रियाकलापबाट थप गर्न सकिएको राजस्व नै वास्तविक प्रगति भएकोले सोलाई बढी महत्व दिनु पर्ने कुरामा जोड दिनुभयो । साथै दुई दिनसम्म संचालन हुने यो गोष्ठीमा प्रणालीमा हामी कहाँनेर छौं, कमी कहाँ कहाँ छन् र ती कमी कमजोरीमा सुधार गर्दै कसरी प्रणालीबाटै कर छल्न नसक्ने अवस्था सिर्जना गर्न सकिन्छ, हाम्रो कार्य प्रकृयामा कसरी अझै प्रक्रियागत सरलीकरण गर्दै जान सकिन्छ भन्ने विषयमा घनीभूत छलफल गर्नका लागि समेत अनुरोध गर्नु भयो । गोष्ठीलाई भन्सार विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक र सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका प्रमुख समेतले सम्बोधन गर्दै आन्तरिक राजस्व विभागले यस्तो विषम परिस्थितिमा समेत आयोजना गरिएको गोष्ठी अर्थ पूर्ण हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दै निकट भविष्यमा पनि कर परिपालना स्तरमा बढोत्तरीका लागि विभागसँग आपसी सहकार्य गर्ने कुरामा निरन्तरता दिइने विषय उल्लेख गर्नु भयो ।

# विद्युतीय माध्यमबाट विविध विषयमा तालिम संचालन

आन्तरिक राजस्व प्रशासनको समग्र कार्यसम्पादन स्तरमा एकरुपता तथा गुणस्तरियता कायम गर्नका लागि कार्यरत कर्मचारीहरूको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि अत्यावश्यक हुन्छ। व्यावसायिक वातावरणमा आएको परिवर्तन तथा कर प्रशासनको कार्य पद्दति र प्रणालीमा समेत गरिएको निरन्तरको सुधारको विषयमा जानकारी गराई कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभाग र मातहत कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई आवश्यक पर्ने तालिमहरू समावेश गरेर विभागले चालु वर्षका लागि वार्षिक तालिम क्यालेण्डर स्वीकृत गरेको छ। सोही क्यालेण्डर अनुसार हाल विश्वभर फैलिएको कोभिड-१९ को संक्रमण समेतलाई मध्यनजर गर्दै भर्चुअल विधि मार्फत विभिन्न मितिमा देहाय अनुसारका तालिमहरू संचालन गरेको छ। आन्तरिक र बाह्य प्रशिक्षकहरूले सहजीकरण गर्नु भएको उक्त तालिमहरूमा विभाग र नेपाल भरका कर कार्यालयहरूबाट प्रमुख कर अधिकृत र कर अधिकृतहरू सहभागी हुनु भएको थियो।

| सि.नं. | तालिमको विषय | मिति | सहभागी संख्या | सहजकर्ता (आन्तरिक/ बाह्य) |
|---|---|---|---|---|
| १ | विद्युतीय कारोवारमा करारोपण | २०७७०५।२४ | १३५ | बाह्य प्रशिक्षक (अर्जेन्टिनाका प्रशिक्षक) |
| २ | Excise Automation System तथा अन्त:शुल्क ब्राण्ड रजिष्ट्रेशन | २०७७०५।०२ | १२३ | शालिकराम आचार्य |
| ३ | Taxpayer registration and biometric system | २०७७०५।२६ | १६५ | पदम बहादुर भण्डारी |
| ४ | Scheme waiver and income tax returns with ammendment | २०७७०६।०२ | १०९ | |
| ५ | Fundamental operation and facilities of ITS, e-Filing extension network issues, Bulk arrears clearance | २०७७०६।२६ | ११० | |
| ६ | विद्युतीय कारोवारमा करारोपण | २०७७०६।१२ र १३ | ७५ | बाह्य विज्ञ (चाटर्ड एकाउन्टेन्ट सुनिल देवकोटा र मनोज काफ्ले) |
| ७ | आधारभूत कर अनुसन्धान | २०७७०६।२२ र २३, २०७७०६।२८ र २९ | १९५ | गोपीकृष्ण कोईराला<br>बोलराज आचार्य<br>सूर्य पोखरेल<br>शालिकराम आचार्य |

# करदाता सेवा कार्यालय फिदिममा बैंक काउन्टर स्थापना




करदाता सेवा कार्यालय फिदिमको कार्यालय परिसरमा मिति २०७७ असोज २७ गते बाट नेपाल बैंक लिमिटेडको एक्स्टेन्सन काउन्टर स्थापना भई सेवा प्रारम्भ भएको छ । कार्यालय स्थापना सँगै नेपाल बैंक लिमिटेडलाई राजस्व रकम बुझिलिने गरी तोकिएको भएता पनि कार्यालयबाट बैंक टाढा हुँदा करदाताहरूलाई समस्या हुने गरेकोमा कार्यालय परिसरमा नै बैंकको एक्स्टेन्सन काउन्टरको स्थापना भएसँगै राजस्व दाखिलाका लागि करदाताहरूलाई सहज भएको छ । जसबाट करदाताहरूको कर परिपालना लागत समेत कटौति हुन गई परिपालनास्तरमा वृद्धि हुने अपेक्षा लिइएको छ ।

बाँकी पृष्ठ १ बाट क्रमशः ...

## माननीय अर्थमन्त्रीद्वारा ...

प्रणालीले साना करदाताको लागत घटाउन सहयोग पुग्ने बताउनु भयो । नयाँ प्रणालीले करिब ५ लाख करदाता लाभान्वित भई साना करदाताहरूको कर सहभागिता बढाउन सहयोग पुग्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभागका महानिर्देशक विनोद बहादुर कुँवरले विभागका सबै कारोबारलाई प्रविधिमैत्री बनाउने उद्देश्यका साथ काम गरिएको र सोही क्रममा आजकै दिनदेखि तीनवटा क्षेत्रमा नयाँ प्रणालीको शुरुवात गरिएको बताउनुभयो । जसमा रु. २० लाख भन्दा कम कारोबार गर्ने र रु. २ लाखसम्मको आम्दानी गर्ने करदाताले कर कार्यालयमा नगईकन बैंकमा रकम दाखिला गर्दा सँगै कर विवरण समेत बुझाउन सकिने व्यबस्था, करदाताको व्यक्तिगत सूचनाहरूको गुणस्तरमा थप सुधार गर्न मूल्य अभिवृद्धि करमा दर्ता हुने करदाताको सम्पूर्ण कर कार्यालयहरूबाट बायोमेट्रिक प्रणाली मार्फत दर्ता गर्ने प्रणालीको शुरुवात र करदाताको कारोवारको सूचनामा थप सुधार गर्न एवं राष्ट्रिय तथ्यांक प्रणालीसँग आवद्ध हुने गरी साविकदेखि प्रयोग हुँदै आएको स्टाण्डर्ड ईन्टरनेशनल ट्रेड क्लासिफिकेसन (SITC) को सट्टा नेपाल स्टाण्डर्ड इन्ड्रष्ट्रियल क्लासिफिकेसन (NSIC) लागू भएको जानकारी गराउनु भयो ।

# आन्तरिक राजस्व कार्यालय, वीरगंजमा टोकन प्रणालीको शुरुवात




विश्वभर फैलिएको कोभिड-१९ को बढ्दो संक्रमणबाट जोगिन भौतिक दुरी कायम गरेर सुचारु ढंगले सेवा प्रवाह गर्नका लागि आन्तरिक राजस्व कार्यालय विरगञ्जले सेवाग्राहीको भिडभाडलाई व्यवस्थापन गर्ने उद्देश्यले मिति २०७७ असोज २१ गतेदेखि कम्प्युटराइज्ड टोकन प्रणाली लागू गरेको छ ।

कार्यालयबाट प्रदान गरिने विभिन्न प्रकारका सेवाहरू जस्तै व्यक्तिगत तथा व्यावसायिक पान दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अन्तःशुल्क दर्ता, कर चुक्ता, खरिद विक्री खाता प्रमाणित जस्ता कार्यहरूलाई समूहकृत गरी टोकन प्रणालीको विकास गरिएको छ ।

नयाँ पान दर्ता, कारोवार थप, शाखा थप तथा अन्य प्रकारका संशोधनहरूलाई समूह (R) अन्तर्गत राखिएको छ । त्यसैगरी करचुक्ता प्रमाण पत्र, पान स्थगन, गोदाम थप तथा PPAN लाई समूह (C) अन्तर्गत राखिएको छ । थप दुईवटा वटनमध्ये (E) वटन अन्तःशुल्क (Excise) सम्वन्धी कार्यहरू तथा (B) वटन संकलन शाखा सँग सम्वन्धित कार्यहरूको लागि राखिएको छ । टोकन प्रणालीको शुरुवात भएसँगै करदाताहरूको समय बचत हुनुका साथै कार्यालयले प्रदान गर्ने सेवामा प्रभावकारिता आउने विश्वास लिइएको छ ।

बाँकी पृष्ठ १ बाट क्रमशः ...

## राजस्व संकलनमा ...

लक्ष्य रहेकोमा रु. १८ करोड संकलन भएको छ । जुन लक्ष्यको ८१.८५ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. ३९ करोड लक्ष्यमा रु. ५ करोड संकलन भई लक्ष्यको तुलनामा १४.२६ प्रतिशत संकलन भएको छ ।

| शीर्षक | आ.व.२०७६।७७ को असोजसम्मको संकलन | आ. व.२०७७।७८ असोजसम्मको | | |
|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
| आयकर | २७२८६८६८ | २५२७८६६२ | २६१५१५१३ | १०३.४५ |
| बहाल कर | ८०८३०३ | १०८८८६३ | ७७१४१४ | ७०.८५ |
| ब्याज कर | ५६२०१९१ | ५७९५२८४ | ६४४०७२७ | १११.१४ |
| जम्मा आयकर | ३३७१५३६२ | ३२९६२८०९ | ३३३६३६५४ | १०३.७३ |
| मूल्य अभिवृद्धि कर | २७२०८२६० | २७३००८६४ | २७३४४९५८ | १००.१६ |
| अन्तःशुल्क | १८२८९२७१ | २२००१९३६ | १८००९५५३ | ८१.८५ |
| स्वास्थ्य सेवा शुल्क | ७५९१३७ | ७८६१७९ | १२५०२१४ | १५९.०२ |
| शिक्षा सेवा शुल्क | २२७१६५ | ३९२५९८ | ५५९६८ | १४.२६ |
| **जम्मा** | ८०१९९१९४ | ८२६४४३८७ | ८००२४३४७ | ९६.८३ |

# करदाता सेवा कार्यालय, बेसीशहरबाट सेवा प्रारम्भ




करदाता सेवा कार्यालय बेसीशहरले मिति २०७७ असोज २२ गतेबाट सेवा शुभारम्भ गरेको छ। तालुक कार्यालय आन्तरिक राजस्व कार्यालय दमौली रहने गरी स्थापना भएको यस कार्यालयले लमजुङ्ग र मनाङ्ग जिल्लाका करदातालाई सेवा प्रदान गर्दछ। लमजुङ्ग जिल्ला बेसीशहर भिमसेनस्थानमा स्थापना गरिएको यस कार्यालयबाट लमजुङ जिल्लाका ८ हजार २ सय ९० करदाता र मनाङ जिल्लाका ५ सय ९७ करदाता गरी कुल ८ हजार ८ सय ८७ करदाताहरूले कम समय र लागतमा आफ्नो नजिकबाट सेवा पाउने भएका छन्।

## आन्तरिक राजस्व विभागको सूचना

I. जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ मा आर्थिक ऐन, २०७३, २०७४, २०७५ र २०७६ ले आयकर ऐनमा गरेको संशोधनका आधारमा पहिलो संशोधन, २०७६ आयकर ऐन, २०५८ को दफा १३९ बमोजिम स्वीकृत भई सरोकारवाला सबैको जानकारीको लागि विभागको वेबसाइडमा प्रकाशित गरिएको छ।

II. व्यावसायिक प्रयोजनका मालवस्तुहरूको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५ (दोस्रो संशोधन, २०७६) मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ बमोजिम स्वीकृत भई सरोकारवाला सबैको जानकारीको लागि विभागको वेबसाइडमा प्रकाशित गरिएको छ।

III. आयकर निर्देशिका, २०६६ (दोस्रो संशोधन, २०७३ सहित) लाई आर्थिक ऐन, २०७४ देखि आर्थिक ऐन, २०७७ ले आयकर ऐन, २०५८ मा गरेको संशोधन साथै आयकर नियमावली, २०५९ मा भएको सातौँ, आठौँ, नवौँ, दशौँ र एघारौँ संशोधन तथा विभागबाट विभिन्न समयमा आयकर सम्बन्धमा गरिएका परिपत्र समेतको आधारमा समसामयिक उदाहरणहरूसमेत समावेश गरी आयकर ऐन, २०६६ (तेस्रो संशोधन, २०७७ सहित) आयकर ऐन, २०५८ को दफा १३९ बमोजिम स्वीकृत भई सरोकारवाला सबैको जानकारीको लागि विभागको वेबसाइडमा प्रकाशित गरिएको छ।

# करदाता सेवा कार्यालय गाईघाटद्वारा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन



उदयपुर उद्योग वाणिज्य संघ कटारीको समन्वय र सहयोगमा जिल्लाको प्रमुख व्यापारिक केन्द्र कटारीमा करदाता सेवा कार्यालय गाईघाटले श्रावण १० गते १ दिने कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको छ। कोभिड-१९ को स्वास्थ्य सुरक्षा जोखिमलाई मध्यनजर गर्दै उच्च सतर्कताका साथ सामाजिक दुरी कायम गरी शिविर सञ्चालन गरिएको थियो । शिविर मार्फत कटारी बजार र आसपासका करिव ५०० करदाताले सेवा लिएका थिए । खासगरी लकडाउनको कारण करदातालाई जिल्ला सदरमुकाम आवत जावत गर्न समस्या हुने भएकोले अन्तःशुल्कको नविकरणलाई मध्यनजर गर्दै सो शिविर आयोजना गरिएको थियो। अन्तःशुल्कको नविकरण सँगै नयाँ उद्योग तथा व्यवसाय दर्ता, दर्ता स्थगत, खरिद विक्री खाता प्रमाणित, कारोवार परिवर्तन, नविकरण, आयकर भुक्तानी लगायतका सबै सेवा प्रदान गरिएको थियो ।

शिविरमा कार्यालयको तर्फबाट आर्थिक विधेयकले ल्याएका छुट सुविधा लगायत आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन तथा अन्तःशुल्क ऐनमा भएका परिवर्तनलाई समेटी करदाता शिक्षा कार्यक्रम समेत सञ्चालन गरिएको थियो । कटारी उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर खड्काले करदाताहरूको घर आगनमै कर सम्बन्धी सम्पूर्ण सेवा प्राप्त हुँदा व्यवसायीहरू खुशी भएको बताउनु भयो साथै करदाताहरू कर तिर्न सदरमुकाम सम्म जाँदा लाग्ने लागत र समय समेत बचत हुने कुरा समेत उल्लेख गर्नु भयो ।

त्यसैगरी असोज २८ गते नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकारीहरूलाई कर सम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नजिकिँदै गरेको दशैं तिहार लगायतका चाड पर्वमा राजस्व छली गरेर हुने आर्थिक अपराध रोकथामको विषयमा प्रशिक्षण दिईएको थियो । भारतबाट भन्सार छली गरेर ल्याइएका अबैध सुर्तिजन्य पदार्थ लगायतका सामानहरू उदयपुरको मार्ग हुँदै ओखलढुंगा, खोटाङ, सोलुखुम्बु लगायत पहाडी जिल्लामा समेत पुग्ने हुँदा यसलाई रोक्न उदयपुरको सबै सीमा नाकामा कार्यरत नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई प्रशिक्षण दिइएको थियो । सो कार्यक्रममा आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन र अन्तःशुल्क ऐन बमोजिम सुरक्षा जाँचका क्रममा देखिन सक्ने कैफियत सम्बन्धमा र VCTS प्रणाली सम्बन्धी आधारभूत जानकारी दिइएको थियो । कार्यक्रममा ५१ जना सुरक्षा अधिकारीहरूको सहभागिता रहेको थियो ।

# करदाता सेवा कार्यालय मन्थलीबाट सेवा प्रारम्भ




करदाता सेवा कार्यालय मन्थली रामेछापले मिति २०७७ असोज २८ गतेदेखि सेवा शुभारम्भ गरेको छ । कार्यालयको औपचारिक शुभारम्भ कार्यक्रममा रामेछाप जिल्लाका प्रमुख जिल्ला अधिकारी, आन्तरिक राजस्व कार्यालय धुलिखेलका प्रमुख कर अधिकृत, जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि, मन्थली नगरपालिकाका नगर प्रमुख, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख, जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष, संचार जगत तथा करदाताहरूको समेतको गरिमामय उपस्थिति रहेको थियो ।

कार्यालय स्थापना भए पश्चात् यस जिल्लामा रहेका करिब ५,७१७ करदाताहरूले १०० कि.मी. टाढा रहेको आन्तरिक राजस्व कार्यालय धुलिखेल जानु नपर्ने तथा नजिकमा नै छिटो छरितो एवं कम लागतमा सेवा प्राप्त गर्नेछन् । यस कार्यालयबाट व्यक्तिगत प्यान, व्यवसायिक प्यान, मूल्य अभिवृद्धि कर दर्ता गर्ने, व्यवसाय दर्ता खारेज, करचुक्ता प्रमाण पत्र प्रदान गर्ने, कर विवरण, आय विवरण, अन्तःशुल्क विवरण बुझाउने, कर राजस्व बुझाउने लगायतका सेवा प्रदान हुनेछन् । त्यस्तै करदाता शिक्षा प्रदान गर्ने, बजार अनुगमन गर्ने, अवैद्य मदिरा नियन्त्रण गर्ने कार्य समेत यस कार्यालयको जिम्मेवारी भित्र पर्दछ ।

## विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा भएका संशोधन सम्बन्धी सूचना

**विद्युतीय वीजक सम्बन्धी कार्यविधि, २०७४ मा मिति २०७६/४/१३ मा भएको तेश्रो संशोधनले कार्यविधिको परिच्छेद–३ को सि.नं. ३ को खण्ड (ख) देहाय बमोजिम कायम भएको व्यहोरा जानकारी गराईएको छ ।**

विद्युतीय माध्यमबाट वीजक जारी गर्न प्रयोग गरिने विद्युतीय उपकरण तथा सफ्टवेयरमा यस कार्यविधि बमोजिमका मापदण्डहरू पूरा भएको व्यहोरा उक्त उपकरण वा सफ्टवेयरको उत्पादन स्वदेशमा भएको भए सोको उत्पादक स्वयंले र विदेशबाट आयात भएको भए सोको आधिकारीक वितरक स्वयंले परिच्छेद-१ बमोजिमको ढाँचामा प्रमाणिकरण गरी विभागमा सूचीकरण गराउनु पर्नेछ । विदेशबाट उत्पादन आयात भएको तर नेपालमा आधिकारीक वितरक नभई प्रयोगकर्ता आफैंले मात्र प्रयोग गर्ने गरी संझौता भएको भए प्रयोगकर्ता आफैंले उत्पादकको तर्फबाट निर्वाह गर्नु पर्ने जिम्मेवारी समेत निर्वाह गर्ने गरी निवेदन गरेमा प्रयोगकर्ताले प्रमाणीकरण गरी विभागमा सूचीकरण गराउन सक्नेछ ।

# करदाता सेवा कार्यालय दोलखाबाट सेवा प्रारम्भ

कर प्रशासनलाई समय सापेक्ष, सरल, पारदर्शी, आधुनिक र करदातामैत्री बनाउनका लागि करदाताको नजिकमा रहेर गुणस्तरीय सेवा उपलब्ध गराउने अभिप्रायले आन्तरिक राजस्व कार्यालय, धुलिखेल मातहत रहने गरी नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६/०९/२१ को निर्णयानुसार मिति २०७७/०६/३० गते शुक्रबारका दिन करदाता सेवा कार्यालय दोलखाको स्थापना भएको छ । कार्यालय स्थापना भए सँगै यस अगाडि आन्तरिक राजस्व कार्यालय, धुलिखेल र कोष तथा लेखा नियन्त्रक कार्यालय, चरिकोटबाट सेवा लिदै आएका सम्पूर्ण करदाताहरूले कर सम्बन्धी सबै सेवाहरू यस कार्यालयबाट प्राप्त गर्नेछन् । यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दोलखा जिल्लाका भिमेश्वर र जिरी नगरपालिका तथा गौरी शंकर, वैतेश्वर, तामाकोशी, बिगु, कालिञ्चोक, शैलुङ्ग र मेलुङ्ग गाउँपालिका रहेका छन् । कार्यालय स्थापना भए पश्चात् यस जिल्लामा रहेका १०३०९ करदाताहरूले कम समय र लागतमा सेवा प्राप्त गर्नेछन् ।

# आन्तरिक राजस्व कार्यालय जोरपाटीको स्थापना

नेपाल सरकारको निर्णय अनुसार गोकर्णेश्वर नगरपालिका वडा नम्बर ५, मा आन्तरिक राजस्व कार्यालय जोरपाटीको स्थापना भएको छ । मिति २०७७०५।०१ देखि सेवा आरम्भ गरेको यस कार्यालयको कार्यक्षेत्र काठमाडौं महानगरपालिकाको वडा नं. ६, गोकर्णेश्वर नगरपालिका, शंखरापुर नगरपालिका र कागेश्वरी मनहरा नगरपालिकाको वडा नं. १ देखि ६ सम्म तोकिएको छ । कार्यालय स्थापना भए सँगै व्यावसायिक स्थायी लेखा नम्बर (PAN) लिएका २४,७२३ करदाताहरूको प्रशासन गर्ने जिम्मेवारी यस कार्यालयमा सरेर आएको छ । उक्त करदाता संख्या मध्ये ४,९४४ मूल्य अभिवृद्धि कर प्रणालीमा समेत दर्ता भएका र १,१८० करदाताहरूले अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने गरी इजाजतपत्र लिएका करदाताहरू रहेका छन् ।




काठमाडौं जिल्लाको उत्तरपूर्वी भू-भागमा कार्य गर्ने जिम्मेवारी रहेको यो कार्यालय काठमाडौं जिल्लाको चौधौं आन्तरिक राजस्व कार्यालय हो । यो कार्यालयको स्थापनाबाट साविकमा आन्तरिक राजस्व कार्यालय चावहिलको कार्यक्षेत्र अन्तर्गत रहेको यस क्षेत्रका करदाताहरूले अझ नजिकबाट सहज र सुलभ रूपमा सेवा प्राप्त गर्ने र करको दायरा विस्तार हुने अपेक्षा गरिएको छ ।

# आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी तथा दफा ९५क. बमोजिम अग्रिम कर असुली सम्बन्धी व्यवस्था (२०७७।७८)

| आकर्षित हुने दफा | भुक्तानीमा करकट्टी हुने भुक्तानी | भुक्तानीमा कर कट्टीको दर % |
|---|---|---|
| दफा ८७ (१) | रोजगारीको आय (पारिश्रमिक) | अनुसूची-१ को दफा १ मा तोकिएको दरले |
| दफा ८८(१) | नेपालमा स्रोत भएको ब्याज भुक्तानी | १५ |
| दफा ८८(१) | प्राकृतिक श्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी आदि | १५ |
| दफा ८८(१) ९२(१)(ज) | बैठक भत्ता, पटके रूपमा गरिएको अध्यापन गराए बापत, प्रश्न पत्र तयार गरे वा उत्तर पुस्तीका जाँच गरे बापतको भुक्तानी | १५ |
| दफा ८८(१)(१) | नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीबाट रु. ५,००,००० वा भुक्तानी रकमको ५० प्रतिशतमध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानी | ५ |
| दफा ८८(१)(२) | बासिन्दा रोजगार कम्पनीले गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशन | ५ |
| दफा ८८(१)(३) | वायुयानको लिज (पट्टा) बापतको रकम भुक्तानी | १० |
| दफा ८८(१)(४) | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्क | १.५ |
| दफा ८८(१)(५) ९२(१)(ख) | व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसँग गाँसिएका जडानहरू र उपकरणहरू बापत भुक्तानी गरेको भाडा | १० |
| दफा ८८(१)(५) | बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी | १० |
| दफा ८८(१)(५)(क) | मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकम | १.५ |
| दफा ८८(१)(६) | सामुहिक लगानी कोष (म्यूच्युअल फण्ड) बाट वितरण गरिने प्रतिफल<br>-प्राकृतिक व्यक्तिलाई<br>-अन्य व्यक्तिलाई | <br>५<br>१५ |
| दफा ८८(१)(७) | बासिन्दा व्यक्तिले भू उपग्रह, ब्याण्डविथ, अप्टिकल फाइवर, दूरसञ्चार सम्बन्धी उपकरण वा विद्युत प्रशारण लाइन प्रयोग गरे बापतको भुक्तानी | १० |
| दफा ८८(१)(८) | ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकम | २.५ |

| | | |
|---|---|---|
| दफा ८८(१)(८) | मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकम | १.५ |
| दफा ८८(१)(९) | बासिन्दा बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैंकबाट विदेशी मुद्रामा ऋण बापतको ब्याज भुक्तानी | १० |
| दफा ८८(२)(क) | लाभांश | ५ |
| दफा ८८(२)(ख) | लगानी बीमाको लाभ | ५ |
| दफा ८८(२)(ग) | स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ५ |
| दफा ८८(३) | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको खण्डमा बासिन्दा बैंक, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी बण्डको बापत भुक्तानी गर्ने ब्याज | ५ |
| दफा ८८क.(१) | आकस्मिक लाभ | २५ |
| दफा ८९(१) | ठेक्का वा करार बापत रु. ५०,००० भन्दा बढी रकमको भुक्तानी | १.५ |
| दफा ८९(३)(क) | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने ठेक्का वा करारमा | ५ |
| दफा ८९(३)(ख) | गैर बासिन्दा बीमा कम्पनीलाई भुक्तानी हुने प्रिमियम वा गैर बासिन्दा बीमा कम्पनीबाट पुनर्बीमा बापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशन | १.५ |
| दफा ८९(३)(ग) | गैर बासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | विभागले लिखित सूचना दिए बमोजिम |
| दफा ८९(३क) | उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी | १.५ |
| दफा ८८(१)(५)(ख) | प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकममा | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८(१)(१०) | उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी कार्ड, इ मनी (वालेट), मोवाइल बैंकिङ्ग जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरे बापत प्रदान गरिने प्रोत्साहन रकममा | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८(४)(क) | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धित बाहेकका अन्य कुनै भुक्तानी | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८(४)(क१) | पत्रपत्रिकामा प्रकाशित लेख रचना बापतको भुक्तानी | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८(४)(ख) | बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८(४)(ग) | कर छुट पाएको भुक्तानी | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८(४)(घ) | क्रेडिट कार्ड जारी गर्ने बैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क | कर कट्टी गर्नु नपर्ने |
| दफा ८८(४)(ङ) | सामूहिक लगानी कोष (मुच्यूअल फण्ड) लाई भुक्तानी गरिएको लाभांश र ब्याज | कर कट्टी गर्नु नपर्ने |

| | | |
|---|---|---|
| दफा ८८क.(२) | साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकरिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपैयाँसम्मको पुरस्कार | कर कट्टी गर्नु नपर्ने |
| दफा ९५क.(१) | कमोडिटी फ्यूचर मार्केट अन्तर्गत व्यापार गर्ने व्यक्तिबाट सो व्यवसायबाट प्राप्त गर्ने मुनाफा र लाभमा कमोडिटी फ्युचर मार्केट सेवा सञ्चालन गर्ने निकायले असुल गर्नुपर्ने अग्रिम कर | १० |
| दफा ९५क.(२)(क) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायको हितको नि:सर्गबाट प्राप्त लाभको भुक्तानी बासिन्दा प्राकृतिक व्यक्तिको हकमा | ५ |
| दफा ९५क.(२)(क) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायको हितको नि:सर्गबाट प्राप्त लाभको भुक्तानी बासिन्दा निकायको हकमा | १० |
| दफा ९५क.(२)(क) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायको हितको नि:सर्गबाट प्राप्त लाभको भुक्तानी अन्यको हकमा | २५ |
| दफा ९५क.(२)(ख) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको नि:सर्गबाट प्राप्त लाभको भुक्तानी बासिन्दा प्राकृतिक व्यक्तिको हकमा | १० |
| दफा ९५क.(२)(ख) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको नि:सर्गबाट प्राप्त लाभको भुक्तानी बासिन्दा निकायको हकमा | १५ |
| दफा ९५क.(२)(ख) | नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको नि:सर्गबाट प्राप्त लाभको भुक्तानी अन्यको हकमा | २५ |
| दफा ९५क.(५)(क) | प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन नि:सर्ग बापत भएको पुँजीगत लाभमा सम्पत्तिको स्वामित्व पाँच वर्ष वा सो भन्दा बढी भएकोमा | २.५ |
| दफा ९५क.(५)(ख) | प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन नि:सर्ग बापत भएको पुँजीगत लाभमा सम्पत्तिको स्वामित्व पाँच वर्षभन्दा कम भएकोमा | ५ |
| दफा ९५क.(६) | दफा ९५क(५) मा लेखिए देखि बाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवन नि:सर्ग भएको मूल्यमा | १.५ |
| दफा ९५क.(६क) | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई भाषा परीक्षा तथा मानकीकृत परीक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बासिन्दा बैंक वा वित्तीय संस्थाले त्यस्तो परीक्षा शुल्क बापतको रकममा विदेशी मुद्राको सटही सुविधा दिएको बखत | १५ |
| दफा ९५क.(७) | व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैंसी, खसी, बोका, च्याङ्ग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमिकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फुलहरू, भाग ७ मा पर्ने ताजा तरकारी, आलु, प्याज, सुख्खा तरकारी, लसुन, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफुलहरूमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा | ५ |
| | भाग २ को मासु, भाग ४ को दूधजन्य पदार्थ, अण्डा, मह, भाग १० को कोदो, फापर, जुनेलो, चामल, कनिका, भाग ११ को मैदा, आँटा तथा पिठो, भाग १२ को जडिबुटि, उखु र भाग १४ को बनस्पतिजन्य उत्पादनमा | २.५ |

# अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी (दफा ९२)

देहायका भुक्तानीलाई अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिनेछः

(क) बासिन्दा कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश,

(ख) व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसँग गाँसिएका जडानहरू र उपकरणहरू बापत भुक्तानी गरेको भाडा,

(ग) बासिन्दा व्यक्तिले लगानी बीमा बापत भुक्तानी गरेको लाभ,

(घ) बासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित बापत भुक्तानी गरेको लाभ,

(ङ) दफा ८८ को उपदफा (३) मा उल्लिखित बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचीकृत भएका कम्पनी वा सहकारीले भुक्तानी दिएको देहाय बमोजिमको ब्याजः

(१) नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,

(२) दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको ।

(च) दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम गैर बासिन्दा व्यक्तिलाई दिइएको कर कट्टी हुनु पर्ने भुक्तानी,

(छ) नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानी समेत सबै प्रकारका अवकाश भुक्तानी (नियमित रूपमा भुक्तानी हुने निवृत्तिभरण बाहेक),

(ज) प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी,

(झ) आकस्मिक लाभ बापतको भुक्तानी,

(ञ) सामुहिक लगानी कोष (म्युचुअल फण्ड) बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम,

(ट) एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी साधन वा ढुवानी सेवाको भाडा बापतको भुक्तानी ।

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।**

"सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ" भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात् पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आन्तरिक राजस्व विभाग

| Online सेवामार्फत करदाताले आफ्नो अन्त:शुल्क इजाजतपत्र आफै नविकरण गर्ने प्रक्रिया | |
|---|---|
| १ | https://ird.gov.np मा Log in गर्ने |
| २ | Taxpayer Portal मा Click गर्ने |
| ३ | Excise Menu भित्र Self Renew Permit मा Click गर्ने |
| ४ | आफ्नो PAN र इजाजतपत्र नम्बर राख्ने । |
| ५ | Register Button मा Click गर्ने । कुन कुन कारोबार गर्ने इजाजतपत्र लिएको छ र सोको लागि कति इजाजत दस्तुर लाग्दछ भन्ने सूचना देखिनेछ । |
| ६ | बैक छनौट गर्ने |
| ७ | Submit Button क्लिक गर्ने |
| ८ | Connect IPS मा गई दस्तुर भुक्तानी गर्ने |
| ९ | इजाजतपत्र प्रिन्ट गर्न Taxpayer Portal को General Menu भित्र Taxpayer Log in मा Click गर्ने |
| १० | PAN, User ID, Password राखी Log in गर्ने |
| ११ | KYT Form भर्न बाँकी भएमा सो फाराम भर्ने । सोको लागि KYT Link मा Click गर्ने |
| १२ | Print Excise Permit Menu मा गई इजाजतपत्र नम्बर राख्ने |
| १३ | Search Button क्लिक गर्ने |
| १४ | Print Icon मा Click गरी प्रिन्ट गर्ने |

संरक्षक
बिनोद बहादुर कुँवर

सल्लाहकार
गजेन्द्र कुमार ठाकुर
शिवादेवी दाहाल
मुक्ति प्रसाद पाण्डे
रमेश शर्मा पौडेल

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
Website: www.ird.gov.np

सम्पादन समूह
सम्झना बराल ढकाल
हरि प्रसाद भण्डारी
टिका उपाध्याय


“कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।”